**अनुसूची-२**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १९ मिति : २०८३/०६/१३

**भाग-२**

# चुमनुब्री गाउँपालिका बाँझो तथा उपयोगविहीन जग्गा उपयोग रणनीति, २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश**

**प्रस्तावना**

चुमनुब्री गाउँपालिकाको भौगोलिक अवस्था, हिमाली वातावरण, सीमित कृषि योग्य भूमि, श्रमशक्तिको अभाव, बसाइँसराइ, कृषि पूर्वाधारको कमी, उत्पादन लागत, बजार तथा ढुवानीको कठिनाइ लगायतका कारण विगतमा खेती हुँदै आएका कतिपय कृषि भूमि हाल बाँझो वा न्यून उपयोगमा रहेको अवस्था छ। उत्पादनयोग्य भूमि लामो समयसम्म उपयोगविहीन रहँदा स्थानीय उत्पादन तथा रोजगारीमा कमी आउनुका साथै स्थानीय तथा रैथाने बाली, कृषि ज्ञान र परम्परागत उत्पादन प्रणालीसमेत प्रभावित हुने अवस्था देखिन्छ।

अर्कोतर्फ चुमनुब्री गाउँपालिकाको भौगोलिक तथा जलवायु विविधताका कारण स्थानीय तथा रैथाने बाली, उच्च मूल्यका हिमाली बाली, फलफूल, जडीबुटी, पशुपालन, चरन व्यवस्थापन, बीउ संरक्षण तथा कृषि–पर्यटनको पर्याप्त सम्भावना रहेको छ।

भूमिको उपयुक्तता र भू–उपयोग वर्गीकरणअनुसार भूमि उपयोग गर्ने, कृषि भूमिलाई उत्पादनमा ल्याउने, निजी जग्गाधनीको स्वामित्व अधिकारको सम्मान गर्ने तथा इच्छुक कृषक, समूह, सहकारी र निजी क्षेत्रको सहभागितामा बाँझो तथा उपयोगविहीन जग्गालाई उत्पादन र आयआर्जनसँग अभिप्रायले चुमनुब्री गाउँ कार्यपालिकाले यो रणनीति स्विकृत गरी लागु गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस रणनीतिको नाम **"चुमनुब्री गाउँपालिकाको बाँझो तथा उपयोगविहीन जग्गा उपयोग रणनीति, २०८३"** रहनेछ।

(२) यो रणनीति गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा—

**(क) "गाउँपालिका"** भन्नाले चुमनुब्री गाउँपालिकालाई सम्झनुपर्छ।

**(ख) "बाँझो तथा उपयोगविहीन जग्गा"** भन्नाले प्रचलित कानून तथा भू—उपयोग वर्गीकरणअनुसार कृषि वा अन्य उत्पादनमूलक प्रयोजनका लागि उपयुक्त हुँदाहुँदै हाल खेती वा उत्पादनका लागि उपयोगमा नरहेको वा न्यून उपयोगमा रहेको जग्गा सम्झनुपर्छ।

**(ग) "जग्गाधनी"** भन्नाले प्रचलित कानूनबमोजिम सम्बन्धित जग्गामा स्वामित्व कायम भएको व्यक्ति वा निकाय सम्झनुपर्छ।

**(घ) "करार खेती"** भन्नाले जग्गाधनी र कृषक/कृषक समूहबीच निश्चित अवधि र शर्तमा जग्गा उपयोग गरी कृषि उत्पादन गर्ने सम्झौतामा आधारित खेती प्रणाली सम्झनुपर्छ।

**(ङ) "सामूहिक खेती"** भन्नाले दुई वा दुईभन्दा बढी जग्गाधनी वा कृषकले आफ्नो सहमतिमा जग्गा तथा स्रोतको सामूहिक व्यवस्थापन गरी उत्पादन गर्ने प्रणाली सम्झनुपर्छ।

**(च) "रणनीति"** भन्नाले चुमनुब्री गाउँपालिकाको बाँझो तथा उपयोगविहीन जग्गा उपयोग रणनीति, २०८३ सम्झनुपर्छ।

## परिच्छेद—२
## दृष्टिकोण, उद्देश्य तथा रणनीति

### ३. दीर्घकालीन दृष्टिकोण

**"उपयुक्त भूमि, स्थानीय उत्पादन र समृद्ध स्थानीय अर्थतन्त्रका लागि बाँझो तथा उपयोगविहीन जग्गाको दिगो उपयोग।"**

### ४. मूल उद्देश्य

उपयुक्त तथा उत्पादनयोग्य बाँझो जग्गालाई स्थानीय उत्पादन, रोजगारी, आयआर्जन, खाद्य सुरक्षा तथा स्थानीय आर्थिक विकाससँग जोड्नु यस रणनीतिको मूल उद्देश्य हुनेछ।

### ५. विशेष उद्देश्य

(१) गाउँपालिकाभित्र रहेका बाँझो तथा उपयोगविहीन जग्गाको पहिचान तथा अभिलेखीकरण गर्ने।

(२) भू—उपयोग वर्गीकरण तथा जग्गाको प्रकृतिअनुसार उपयुक्त उत्पादन प्रणाली विकास गर्ने।

(३) निजी जग्गाधनी, कृषक, कृषि समूह, सहकारी तथा निजी क्षेत्रबीच करार तथा सामूहिक खेतीको वातावरण निर्माण गर्ने।

(४) स्थानीय तथा रैथाने बाली, बीउ, कृषि ज्ञान र परम्परागत उत्पादन प्रणालीको संरक्षण तथा प्रवर्द्धन गर्ने।

(५) उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादनलाई प्राथमिकता दिई कृषकको आयआर्जन वृद्धि गर्ने।

(६) कृषि उत्पादनलाई स्थानीय बजार, पर्यटन तथा मूल्य श्रृंखलासँग जोड्ने।

(७) कृषि क्षेत्रमा युवा तथा स्थानीय श्रमशक्तिको सहभागिता बढाउने।

(८) वातावरणीय तथा प्राकृतिक स्रोतको संरक्षण गर्दै दिगो भूमि उपयोगको अभ्यास विकास गर्ने।

## परिच्छेद—३
## रणनीतिक प्राथमिकता

### ६. रणनीतिक प्राथमिकता

रणनीति कार्यान्वयनमा देहायका विषयलाई प्राथमिकता दिइनेछः

**(क) बाँझो जग्गाको पहिचान र अभिलेख**

वडा तहबाट बाँझो तथा उपयोगविहीन जग्गाको विवरण संकलन गरी डिजिटल तथा भौतिक अभिलेख तयार गरिनेछ।

**(ख) स्थानीय उत्पादन**

स्थानीय हावापानी र भूगोलअनुकूल आलु, फापर, जौ, उवा, सिमी लगायतका रैथाने तथा सम्भाव्य बालीको प्रवर्द्धन गरिनेछ।

**(ग) उच्च मूल्यका उत्पादन**

उपयुक्त स्थानमा स्याउ, ओखर, जडीबुटी तथा अन्य उच्च मूल्यका हिमाली कृषि उत्पादनलाई प्राथमिकता दिइनेछ।

**(घ) पशुपालन तथा चरन**

उपयुक्त क्षेत्रलाई घाँस, चरन तथा याक/चौरी, भेडा, च्याङ्ग्रा लगायत स्थानीय पशुपालनसँग जोडिनेछ।

**(ङ) सामूहिक तथा करार खेती**

छरिएका तथा साना कित्तालाई सम्बन्धित जग्गाधनीको स्वेच्छिक सहमतिमा सामूहिक वा करार खेतीमा ल्याउन सहजीकरण गरिनेछ।

**(च) कृषि—पर्यटन**

उपयुक्त कृषि क्षेत्रलाई होमस्टे, स्थानीय खाद्य संस्कृति तथा पर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद—४
## बाँझो जग्गाको पहिचान तथा अभिलेख

**७. वडा तहबाट विवरण संकलन**

प्रत्येक वडाले आफ्नो क्षेत्रभित्र रहेका बाँझो तथा उपयोगविहीन जग्गाको प्रारम्भिक विवरण तयार गर्नेछ।

विवरणमा कम्तीमा देहायका विषय समावेश गरिनेछः

१. वडा तथा स्थान
२. कित्ता नं.
३. जग्गाधनीको नाम
४. क्षेत्रफल
५. भू—उपयोग वर्ग
६. बाँझो रहेको अनुमानित अवधि
७. सिंचाइको अवस्था
८. सडक/बाटो पहुँच
९. सम्भावित उत्पादन
१०. जग्गाधनीको उपयोगसम्बन्धी इच्छा

११. खेती गर्न इच्छुक व्यक्ति/समूह
१२. अन्य आवश्यक विवरण।

### ८. प्राथमिकता निर्धारण

बाँझो जग्गाको उपयोगका लागि देहायका आधारमा प्राथमिकता निर्धारण गरिनेछः

(क) कृषि क्षेत्रमा वर्गीकृत जग्गा,
(ख) उत्पादनका लागि उपयुक्त भू—भाग,
(ग) सिंचाइ वा सिंचाइको सम्भावना भएको क्षेत्र,
(घ) पहुँच भएको वा सहज रूपमा पहुँच पुऱ्याउन सकिने क्षेत्र,
(ङ) सामूहिक रूपमा उपयोग गर्न सकिने क्षेत्र,
(च) उत्पादन तथा बजार सम्भावना भएको क्षेत्र,
(छ) जग्गाधनी तथा कृषकको स्पष्ट प्रतिबद्धता,
(ज) स्थानीय तथा रैथाने बाली संरक्षणको सम्भावना।

## परिच्छेद—५
## निजी जग्गा उपयोग

### ९. निजी जग्गा उपयोगको आधार

(१) निजी जग्गा उपयोग **जग्गाधनीको स्वेच्छिक सहमति**मा मात्र गरिनेछ।

(२) गाउँपालिकाले निजी जग्गाको स्वामित्व हस्तान्तरण, कब्जा वा अनिवार्य खेती गराउने छैन।

(३) इच्छुक जग्गाधनी र कृषकबीच करार खेती वा सामूहिक खेतीका लागि गाउँपालिकाले आवश्यक सहजीकरण गर्नेछ।

### १०. करार खेती

(१) खेती गर्न नसक्ने तर आफ्नो जग्गा उपयोग गर्न इच्छुक जग्गाधनी र खेती गर्न इच्छुक कृषकबीच करार खेती गर्न प्रोत्साहन गरिनेछ।

(२) करारमा जग्गाको विवरण, अवधि, भाडा वा उत्पादन बाँडफाँड, लगानी, उत्पादनको जिम्मेवारी, जोखिम तथा करार समाप्त हुने अवस्था स्पष्ट खुलाइनेछ।

(३) गाउँपालिकाले आवश्यक नमुना करार उपलब्ध गराई दुवै पक्षबीच सहजीकरण गर्न सक्नेछ।

(४) गाउँपालिका सामान्यतः करारको पक्षकार नभई **सहजीकरण तथा समन्वयकारी निकाय**को रूपमा रहनेछ।

## परिच्छेद—६
## सामूहिक खेती तथा सहकारी खेती

### ११. सामूहिक खेती

(१) एउटै क्षेत्रका साना तथा छरिएका जग्गाधनीलाई स्वेच्छिक रूपमा सामूहिक खेतीमा सहभागी हुन प्रोत्साहन गरिनेछ।

(२) सामूहिक खेतीका लागि उत्पादन योजना, लागत, श्रम, उपकरण, उत्पादन तथा बजार व्यवस्थापनको सामूहिक योजना बनाउनुपर्नेछ।

(३) गाउँपालिकाले स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही प्राविधिक तथा पूर्वाधार सहयोग गर्न सक्नेछ।

## परिच्छेद—७
## सार्वजनिक तथा सरकारी जग्गा

### १२. सार्वजनिक तथा सरकारी जग्गाको उपयोग

(१) सार्वजनिक वा सरकारी जग्गा उपयोग गर्दा प्रचलित संघीय तथा प्रदेश कानून र सम्बन्धित निकायको अधिकार तथा स्वीकृति पालना गर्नुपर्नेछ।

(२) कानूनी रूपमा उपयोग गर्न मिल्ने सार्वजनिक जग्गालाई कृषि, फलफूल, घाँस, जडीबुटी, बीउ उत्पादन, चरन वा अन्य उत्पादनमूलक प्रयोजनमा उपयोग गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ।

(३) सार्वजनिक वा सरकारी जग्गा कुनै व्यक्ति वा संस्थाको निजी स्वामित्वमा हस्तान्तरण हुने गरी कार्यक्रम सञ्चालन गरिने छैन।

## परिच्छेद—८

## प्रोत्साहन तथा सहयोग

### १३. गाउँपालिकाबाट उपलब्ध गराउन सकिने सहयोग

गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही देहायका सहयोग उपलब्ध गराउन सक्नेछः

(क) स्थानीय तथा उन्नत बीउ,
(ख) फलफूलका बिरुवा,
(ग) कृषि औजार तथा उपकरण,
(घ) साना सिंचाइ संरचना तथा सामग्री,
(ङ) घेराबार,
(च) प्राविधिक सेवा तथा तालिम,
(छ) जैविक मल तथा आवश्यक कृषि सामग्री,
(ज) उत्पादन संकलन तथा भण्डारण,
(झ) प्रशोधन तथा बजार प्रवर्द्धन,
(ञ) उत्पादनमा आधारित प्रोत्साहन,
(ट) अन्य स्वीकृत कृषि कार्यक्रम।

### १४. प्रोत्साहनको आधार

प्रोत्साहन उपलब्ध गराउँदा सम्भव भएसम्मः

- पुनः उपयोगमा ल्याइएको क्षेत्रफल,
- उत्पादनको मात्रा,
- स्थानीय बालीको संरक्षण,
- रोजगारी सिर्जना,
- उत्पादनको निरन्तरता,
- बजारमा बिक्री भएको उत्पादन

लाई आधार बनाइनेछ।

अनुदान लिएर जग्गा उपयोग नगर्ने व्यक्ति वा समूहलाई थप प्रोत्साहन उपलब्ध गराइने छैन।

## परिच्छेद—९
## संस्थागत व्यवस्था

### १५. बाँझो जग्गा उपयोग समन्वय समिति

रणनीति कार्यान्वयनमा समन्वय तथा अनुगमनका लागि गाउँपालिकामा देहायबमोजिमको समिति रहनेछः

**(क) गाउँपालिका अध्यक्ष संयोजक**
**(ख) गाउँपालिका उपाध्यक्ष सदस्य**
**(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य**
**(घ) सम्बन्धित विषयगत समितिको संयोजक सदस्य**
**(ङ) कृषि शाखा प्रमुख सदस्य**
**(च) पशु सेवा शाखा प्रमुख सदस्य**
**(छ) योजना शाखा प्रमुख सदस्य**
**(ज) सम्बन्धित वडाका वडा अध्यक्ष सदस्य**
**(झ) आवश्यकता अनुसार सम्बन्धित सरकारी/प्राविधिक निकायका प्रतिनिधि आमन्त्रित सदस्य**
**(ञ) कृषि शाखाले तोकेको कर्मचारी सदस्य—सचिव**

### १६. समितिको काम, कर्तव्य र अधिकार

समितिलेः

(क) बाँझो जग्गाको उपयोगसम्बन्धी नीति तथा प्राथमिकता निर्धारण गर्ने,
(ख) वडा तहबाट प्राप्त विवरणको समीक्षा गर्ने,
(ग) सम्भाव्य उत्पादन क्षेत्र पहिचान गर्ने,
(घ) करार तथा सामूहिक खेती प्रवर्द्धन गर्ने,
(ङ) सम्बन्धित निकायसँग समन्वय गर्ने,
(च) कार्यक्रमको अनुगमन तथा समीक्षा गर्ने,
(छ) गाउँ कार्यपालिकामा आवश्यक सुझाव पेश गर्ने,
(ज) वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने।

## परिच्छेद—१०
## वडा तथा शाखाको जिम्मेवारी

## १७. वडा कार्यालयको जिम्मेवारी

वडा कार्यालयले:

१. बाँझो जग्गाको विवरण संकलन गर्ने।
२. इच्छुक जग्गाधनी तथा कृषकको सूची तयार गर्ने।
३. सामूहिक/करार खेतीका लागि सहजीकरण गर्ने।
४. कार्यक्रमको स्थलगत अनुगमन गर्ने।
५. वार्षिक प्रगति गाउँपालिकामा पठाउने।

## १८. कृषि शाखाको जिम्मेवारी

कृषि शाखाले:

१. प्राविधिक मापदण्ड तयार गर्ने।
२. उत्पादन सम्भाव्यता मूल्याङ्कन गर्ने।
३. उपयुक्त बाली तथा उत्पादन प्रणाली सिफारिस गर्ने।
४. कृषकलाई प्राविधिक सेवा उपलब्ध गराउने।
५. कार्यक्रमको प्राविधिक अनुगमन गर्ने।
६. उत्पादन तथा क्षेत्रफलको अभिलेख राख्ने।
७. वार्षिक प्रतिवेदन तयार गर्ने।

# परिच्छेद—११
# कार्यान्वयन योजना

## १९. पाँच वर्षे कार्ययोजना

| क्र.सं. | अवधि | प्रमुख कार्य |
|---|---|---|
| १ | २०८३/८४ | सर्वेक्षण, अभिलेख, प्राथमिक क्षेत्र पहिचान |
| २ | २०८४/८५ | नमुना करार तथा सामूहिक खेती |
| ३ | २०८५/८६ | सफल कार्यक्रमको विस्तार, सिंचाइ/भण्डारण |
| ४ | २०८६/८७ | उत्पादन, प्रशोधन तथा बजार विस्तार |
| ५ | २०८७/८८ | मूल्याङ्कन, सुधार तथा गाउँपालिकाभर विस्तार |

**२०. पहिलो वर्षका प्राथमिक कार्यक्रम**

आर्थिक वर्ष २०८३/८४ मा देहायका कार्यक्रमलाई प्राथमिकता दिइनेछः

(क) वडा—वडामा बाँझो जग्गा सर्वेक्षण,
(ख) बाँझो जग्गाको अभिलेख तयार गर्ने,
(ग) एक वडा—एक नमुना उत्पादन क्षेत्र विकास,
(घ) करार खेती सहजीकरण,
(ङ) रैथाने बाली प्रवर्द्धन,
(च) सामुदायिक बीउ संरक्षण,
(छ) उत्पादनमा आधारित प्रोत्साहन,
(ज) उत्पादन तथा बजार सहजीकरण।

**परिच्छेद—१२**
**अनुगमन, मूल्याङ्कन तथा पारदर्शिता**

**२१. अनुगमन**

कार्यक्रमको अनुगमन गाउँपालिका, सम्बन्धित वडा तथा विषयगत शाखाबाट नियमित रूपमा गरिनेछ।

**२२. मूल्याङ्कनका सूचक**

कार्यक्रमको प्रभावकारिता देहायका सूचकबाट मापन गरिनेछः

१. पहिचान भएको बाँझो जग्गाको क्षेत्रफल
२. पुनः उपयोगमा आएको क्षेत्रफल
३. करार खेतीमा आएको क्षेत्रफल
४. सामूहिक खेतीमा सहभागी कृषक
५. उत्पादन वृद्धि
६. स्थानीय बालीको उत्पादन/क्षेत्रफल
७. सिर्जित रोजगारी
८. कृषकको आयमा भएको वृद्धि
९. बजारमा बिक्री भएको उत्पादन।

**२३. सार्वजनिकता**

कार्यक्रममा सहभागी व्यक्ति, समूह, क्षेत्रफल, प्राप्त सहयोग तथा उपलब्धिको विवरण प्रचलित कानूनबमोजिम सार्वजनिक गरिनेछ।

## परिच्छेद—१३
## वातावरण तथा कानुनी संरक्षण

**२४. वातावरणीय संरक्षण**

यस रणनीति कार्यान्वयन गर्दा:

(क) वन क्षेत्र अतिक्रमण गरिने छैन।
(ख) वातावरणीय रूपमा संवेदनशील क्षेत्रको संरक्षण गरिनेछ।
(ग) भू—क्षय तथा पहिरोको जोखिम बढाउने गरी खेती विस्तार गरिने छैन।
(घ) रासायनिक विषादी तथा मलको प्रयोग प्रचलित मापदण्डअनुसार गरिनेछ।
(ङ) प्राकृतिक स्रोतको दिगो उपयोग सुनिश्चित गरिनेछ।

**२५. भू—उपयोगसम्बन्धी व्यवस्था**

यस रणनीतिअन्तर्गत कुनै पनि जग्गाको उपयोग **प्रचलित भू—उपयोग कानून तथा स्वीकृत भू—उपयोग वर्गीकरणविपरीत हुने गरी गरिने छैन।**

## परिच्छेद—१४
## वित्तीय व्यवस्था

**२६. बजेट व्यवस्था**

(१) रणनीति कार्यान्वयनका लागि गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा आवश्यक रकम विनियोजन गर्न सक्नेछ।

(२) संघ, प्रदेश, विकास साझेदार, सहकारी तथा अन्य निकायसँग समन्वय गरी प्राप्त हुने स्रोतलाई समेत प्रचलित कानूनबमोजिम परिचालन गर्न सकिनेछ।

(३) एउटै कार्यका लागि दोहोरो अनुदान नहुने व्यवस्था मिलाइनेछ।

## परिच्छेद–१५
## विविध

### २७. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यकतानुसारः

- बाँझो जग्गा अभिलेख मापदण्ड,
- करार खेती कार्यविधि,
- सामूहिक खेती कार्यविधि,
- प्रोत्साहन/अनुदान मापदण्ड,
- प्राविधिक मापदण्ड,
- नमुना करार सम्झौता

स्वीकृत गरी लागू गर्न सक्नेछ।

### २८. प्रचलित कानूनबमोजिम हुने

यस रणनीतिमा उल्लेख भएका विषय प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ।

### २९. संशोधन

रणनीतिको कार्यान्वयनको क्रममा प्राप्त अनुभव, आवश्यकता तथा प्रचलित कानूनमा भएको परिवर्तनका आधारमा गाउँ कार्यपालिकाले यस रणनीतिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

### ३०. बाधा अड्काउ फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची—१
## बाँझो तथा उपयोगविहीन जग्गा विवरण फाराम

## चुमनुब्री गाउँपालिका, गोरखा
## वडा नं. ........

| विवरण | जानकारी |
|---|---|
| स्थान/टोल | |
| कित्ता नं. | |
| जग्गाधनीको नाम | |
| सम्पर्क नं. | |
| क्षेत्रफल | |
| भू—उपयोग वर्ग | |
| कति समयदेखि बाँझो | |
| सिंचाइको अवस्था | |
| बाटोको अवस्था | |
| सम्भावित बाली | |
| हालको उपयोग | |
| खेती गर्न इच्छुक | |
| करार खेतीमा दिन इच्छुक | |
| सामूहिक खेतीमा सहभागी हुन इच्छुक | |
| अन्य विवरण | |

**जग्गाधनीको हस्ताक्षर : ..................**

**वडा अध्यक्षको सिफारिस : ..................**

## अनुसूची—२
## रणनीति कार्यान्वयनको संक्षिप्त कार्यप्रवाह

जग्गा पहिचान
↓
भू—उपयोग तथा उपयुक्तता परीक्षण
↓
जग्गाधनीको सहमति
↓
कृषक/समूह पहिचान
↓
उत्पादन योजना
↓
करार/सामूहिक खेती
↓
प्राविधिक तथा आवश्यक पूर्वाधार सहयोग
↓
उत्पादन
↓
बजार व्यवस्थापन
↓
अनुगमन तथा उत्पादनका आधारमा प्रोत्साहन